# बागलुङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बागलुङ
बागलुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय
२०७३

गण्डकी प्रदेश, नेपाल


प.सं- ०८३/०८४
च.नं- ४९२

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०७

गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको चालु आ.व. २०८३/०८४ को स्वीकृत देहाय बमोजिमका वार्षिक कार्यक्रम कार्यान्वयन गर्न इच्छुक महिला, दलित समुदाय, अन्तरजातीय विवाह गरेका दम्पती तथा सम्बन्धित सरोकारवाला व्यक्ति/समूह/संस्थाहरूबाट कार्यक्रमका लागि प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

१. कार्यक्रम

- गण्डकी महिला सशक्तीकरण कार्यक्रम

प्रस्ताव पेश गर्न सक्नेः

- महिला अधिकार संरक्षण तथा प्रवर्द्धन,
- बाल अधिकार संरक्षण तथा प्रवर्द्धन, ज्येष्ठ नागरिकको सम्मान तथा संरक्षण,
- अपाङ्गता अधिकार प्रवर्द्धन,
- दलित हक अधिकार संरक्षण तथा प्रवर्द्धन, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, लैङ्गिक हिंसा न्यूनीकरण,
- एकल महिला अधिकार संरक्षण तथा प्रवर्द्धन, विज्ञान प्रविधि तथा नवप्रवर्तन,
- सामाजिक सेवा तथा मानवसेवा,
- लैङ्गिक संवेदनशील पत्रकारिता लगायतका क्षेत्रमा योगदान गरेका महिलाहरू।

पेश गर्नुपर्ने कागजातहरूः

१. अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
४. सम्बन्धित विधामा विगत ५ वर्षदेखि गरेको योगदान खुल्ने सरकारी निकायबाट प्रमाणित कागजात
५. यसअघि सरकारी निकायबाट प्रोत्साहन/सम्मान प्राप्त गरेको भए सोसम्बन्धी कागजात
६. विगत ५ वर्षमा सम्बन्धित विधामा गरेका महत्वपूर्ण कार्यहरूको वर्षअनुसार छुट्टाछुट्टै विवरण
७. गैरसरकारी संस्थामा आबद्ध भए आबद्धता खुल्ने प्रमाणित कागजात
८. अन्य विवरण भए सो खुलाउने कागजात।

२०८३/०६/०५

प्रमुख प्रशासकीय अधिकृत




☎ ०६८-५२०१३१/५२०२३१/५२०३०९ इमेल: baglungmun@gmail.com

२. कार्यक्रम

- अन्तरजातीय विवाह प्रोत्साहन, संरक्षण, पुनर्स्थापना तथा कार्यक्रम

प्रस्ताव पेश गर्न सक्नेः

- अन्तरजातीय विवाह गरी ५ वर्ष पूरा भएका दम्पतीहरूले निवेदन पेश गर्न सक्ने।

पेश गर्नुपर्ने कागजातहरू:

१. अनुसूची-११ बमोजिमको निवेदन
२. दुवै जनाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि
४. अन्तरजातीय विवाहपश्चात् गरेका महत्वपूर्ण कार्यहरूको विवरण
५. यस अघि सरकारी निकायबाट प्रोत्साहन तथा सम्मान प्राप्त गरेको भए सम्बन्धित कागजात

३. कार्यक्रम

- दलित समुदायको परम्परागत पेशा र व्यवसायको यान्त्रिकीकरण तथा आधुनिकीकरण कार्यक्रम

प्रस्ताव पेश गर्न सक्नेः

दलित समुदायका व्यक्तिहरूबाट सञ्चालन हुँदै आएका परम्परागत पेशा/व्यवसायलाई आधुनिक प्रविधि, उपकरण तथा आवश्यक सामग्रीमार्फत व्यवसायिक एवं उत्पादनमुखी बनाउन इच्छुक व्यक्ति/समूह ।

पेश गर्नुपर्ने कागजातहरू:

१. अनुसूची—१२ बमोजिमको व्यावसायिक योजना
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. दलित समुदायको व्यक्ति भएको प्रमाणित कागजातको प्रतिलिपि
४. उद्योग/व्यवसाय दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि
५. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि
६. कर दाखिला गरेको प्रमाण वा चुक्ता प्रमाणपत्रको प्रतिलिपि
७. आवश्यकताअनुसार व्यावसायिक इजाजतपत्रको प्रतिलिपि
८. आवश्यक प्रविधि/औजार/उपकरण र लागत अनुमानसहितको विवरण
१०. विगत ३ वर्षदेखि मन्त्रालय वा जिल्लास्थित कार्यालय तथा कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको स्वघोषणापत्र
११. मन्त्रालयबाट प्राप्त हुने अनुदान रकममा कम्तीमा १० प्रतिशत साझेदारी गर्ने प्रतिबद्धता पत्र

२०८२/०३/०८
प्रमुख प्रशासकीय अधिकृत


☎ ०६८-५२०१३१/५२०२३१/५२०३०९ इमेल: baglungmun@gmail.com